( अनुसूची-२ दफा -५(१) सँग सम्बन्धित )

**सूचना !** **सूचना !!** **सूचना !!!**

# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# हरपुर, पर्सा
# मधेश प्रदेश, नेपाल

## रोजगार सहायक सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/१२)

पर्सागढी नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार सहायक १(एक) पद खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको कार्यालयमा आवेदक स्वयं उपस्थित भई दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारी यस कार्यालयको वेबसाइट www.parsagardhimun.gov.np मा उपलब्ध छ ।

**तपसिलः-**

| क्र.स | विज्ञापन न. | पद | तह | माग सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२/०८०/०८१ | रोजगार सहायक | स्थानीय सेवाको सहायक स्तर पाँचौ तह सरह | १ (एक) | |

**१.आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण सस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा १०+२ वा सो सरह उतीर्ण गरेको,
(ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,
(ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको

**२. दरखास्त दिने स्थानः**-पर्सागढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, हरपुर,पर्सा ।

**३. दरखास्त दिने अन्तिम मितिः**-२०८०/०९/२६ गते सम्म।सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको समय भित्र।

**४.आवेदनको दस्तुरः**- रु ५००/-( पाँच सय मात्र)

**५.छनौटको किसिमः**-प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा,

**६. आवेदन साथ संलग्न कागजातहरुः**-नोटरी पब्लिकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिहरुः-

(क) नेपाली नागरिकता प्रमाणपत्र (ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र

(ग) चारित्रिक प्रमाण पत्र (घ) कम्प्यूटर तालीमको प्रमाण पत्र

(ङ) नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रममा वा स्थानीय तहमा काम गरेको अनुभव भए सो समेतको प्रमाण

(च) ३ प्रति पासपोर्ट साइजको फोटो,

**७. सेवा सुविधाः**-स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

८. आबेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको www.pmep.gov.np तथा यस नगरपालिकाको बेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत